आज मिति २०८२ फाल्गुन ११ गते सोमबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय कुमार चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | ललिता |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | बबिता |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | सरिता |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | शिवनारायण चौधरी | सहयोगी | |
| २५ | सिता पौडाल | का. स. वडा नं. ६ | सिता |
| २६ | चन्दुलाल चौधरी | का. स. वडा नं. 6 | |
| २७ | श्याम कुमार सिंह | का.स. वडा नं. ७ | श्याम |
| २८ | प्रभाकर पौडेल | का.स. वडा नं. ५ | |
| २९ | शिव नारायण चौधरी | का. स. | |

आज मिति २०८२ फागुन ११ गते सोमबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख बेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

**प्रस्तावहरुः**

प्रस्तावनं. १ - दुहवी खानेपानी बजेट सम्बन्धमा ।
प्रस्ताव नं. २ निर्वाचन आचार संहिता सम्बन्धमा ।
प्रस्ताव नं. ३ विविध ।

**निर्णयहरुः**

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.२ मा रहेको भलुवा-पचिरा खानेपानी तथा सरसफाई योजनाले भोगचलन गर्दै आएको ऐलानी (०-८-०) जग्गमा खानेपानी टयाङ्की निर्माण लगायत कार्य गर्न सामुदायिक हित प्रवर्धन गर्नका लागि जग्गा भोगाधिकार दिने र सो योजनाका लागि संघिय सरकार बाट विनियोजित ३ करोड बजेटको ठेक्का प्रक्रिया अघि बढाउन खानेपानी तथा सरसफाई डिभिज कार्यालय, मोरंङलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ फागुन २१ का लागि पालाना गर्नु पर्ने आंचार संहिता अक्षरश पालाना गराउने निर्णय गरियो ।

निर्णय नं. ३ - विविध

निर्णय नं. क - प्रस्ताव नं क माथि छलफल गर्दा यस नगरपालिकाको लागि कोशी प्रदेश सेकार बाट सशर्त अनुदानमा प्राप्त रु.३०,००,०००।- रकममा रु.९,००,०००।- नगरपालिकाबाट साझेदारी गरी कार्यक्रम संचालन गर्न प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट प्राप्त सक्षम छोरी कार्यक्रम संचालन कार्यविधि, २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ख - प्रस्ताव नं ख माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको वडा नं.४ स्थित रहेको शित भन्डारको घर भाडा सम्झौता बमोजिम ५% थप गरी पुनः १ बर्षका लागि नविकरण गरिने निर्णय गरियो ।

निर्णय नं. ग - प्रस्ताव नं ग माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको वडा नं. ७ मा संचालित भलुवा गोल्ड कप फुटबल प्रतियोगितालाई रु.७,००,०००।- रकम खेलकुद शिर्षकबाट दिने निर्णय गरियो ।

निर्णय नं. घ - प्रस्ताव नं घ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको वडा नं. १० को दैनिक हाट बजारको ठेक्का दुई पटक खुल्ला सुचना आह्वान गर्दा समेत ठेक्का नलागेको हुदा राजस्व परामर्श समितिको सिफारिसको आधारमा २०% कुल ठेक्का रकम घटाई पुनः ठेक्का सूचना प्रकाशन गर्न कार्यलयलाई निर्देशन गर्ने निर्ण गरियो ।